मा. भरती पाँडेल
मन्त्री

# कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** कृषि तथा पशु विषय अध्ययन गरेका शिक्षित जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न त्यस्ता युवाहरूलाई कृषि पेशामा व्यावसायीकरण तथा आधुनिकीकरण तर्फ उन्मुख बनाई कृषि पेशा तर्फ आकर्षित गरि उद्यमशिलता विकास गराउने र त्यसका माध्यमबाट स्वरोजगार सिर्जना गर्न, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी गरी लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदानग्राही" भन्नाले कृषि विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका प्रस्तावकलाई जनाउँदछ।

(ख) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकायहरुलाई सम्झनु पर्छ।

(ग) "कृषि विषय अध्ययन गरेका युवाहरू" भन्नाले कृषि विषयमा जे.टी., जे.टी.ए., प्रवीणता, स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि उत्तीर्ण गरेका युवा जनशक्तिलाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ङ) "प्रस्तावक" भन्नाले कृषि विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका युवाहरूलाई सम्झनु पर्छ। सो शब्दले कृषकसँग कृषि विद्यार्थी कार्यक्रममा प्रस्ताव पेश गर्ने कृषि प्राविधिक विद्यार्थीलाई समेत जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "विज्ञ केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ज) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. <u>कार्यक्रमको उद्देश्यः</u> यो कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) कृषि विषय पढेका जनशक्तिलाई कृषि पेशामा आकर्षण गर्दै स्वरोजगाको अवस्था श्रृजना गर्ने,

(ख) कृषि क्षेत्रमा दक्ष जनशक्तिको सहभागिता बढाउने,

(ग) शिक्षित युवाको विदेश पलायन हुने प्रवित्तिलाई न्यूनीकरण गर्दै लैजाने, र

(घ) आधुनिक तथा व्यवसायिक कृषि प्रवर्द्धनमा टेवा पुऱ्याउने।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

४. <u>कार्यक्रम व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रम सञ्चालन गर्नको लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समितिको गठन गरिनेछ :-

(क) प्रमुख, सम्बन्धित कार्यालय - संयोजक

(ख) सम्बन्धित महाशाखा वा शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) कानुन वा प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) कोष तथा लेखा नियन्त्रकको कार्यालयको प्रतिनिधि - सदस्य

(च) कार्यक्रम हेर्ने अधिकृत - सदस्य-सचिव

(२) अनुदान व्यवस्थापन समितिले आवश्यकता अनुसार बढिमा २ जना विज्ञ, विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. <u>कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> कार्यक्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक फर्मेट/प्रस्तावना/आशयपत्र तथा आवश्यक मापदण्डहरु स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतिकरण गर्ने,

(ग) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(घ) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति पनि गठन गर्ने,

(ङ) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गर्ने/गराउने,

(च) कार्यक्रम सञ्चालनका लागि सम्भावित अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने

(छ) स्थलगत निरीक्षण टोलींको प्रतिवेदन अनुसार प्रस्तावहरूको मूल्याङ्कन प्रक्रिया अगाडी बढाउने वा अस्वीकृत गर्ने,

(ज) प्रस्तावको अन्तिम मूल्याङ्कन अनुसूची-३ बमोजिमको मूल्याङ्कनको आधारमा गर्ने,

(झ) मूल्याङ्कन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र रही सम्झौताको लागि निर्णय गर्ने/गराउने,

(ञ) कार्यक्रमको सुपरीवेक्षण र अनुगमनमा आवश्यकता अनुसार सहयोग गर्ने,

(ट) कार्यक्रम कार्यान्वयन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने।

## परिच्छेद-३

## कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशीलता विकास कार्यक्रम

६. कार्यक्रम सञ्चालन प्रक्रियाः (१) कार्यालयले सम्बद्ध अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) सम्बन्धित प्रस्तावकले कार्यालयबाट तोकिएको ढाँचामा प्रस्ताव तयार गर्नुपर्नेछ।

(३) प्रस्ताव तयार गर्दा भौतिक पूर्वाधारको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरुको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, बजार व्यवस्थापन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र आफुले व्यहोर्ने रकम समेत खुलाई बिस्तृत रुपमा तयार गर्नु पर्नेछ।

(४) सूचनामा तोकिएको समयभित्र प्रस्ताव तयार गरी सूचनामा तोकिएको कार्यलयमा पेश गर्नु पर्नेछ।

(५) कार्यलयले म्याद भित्र दर्ता भएका निबेदन/प्रस्तावहहरु म्याद समाप्त भएको ७ दिन भित्र सूचना प्रकाशन गर्ने निकायमा प्राप्त हुने गरी पठाई सक्नु पर्नेछ।

७. कार्यक्रम कार्यान्वयनः (१) कृषि विकास कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ।

(२) कृषि विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमको लागि प्रस्तावमा आधारित अनुदान प्राप्त गर्न देहायका मापदण्ड पुगेका प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र सहित अनुसूची-१ बमोजमिको ढाँचामा आवेदन पेश गर्न सक्नेछन् :-

(क) कृषि, पशुपन्छी तथा मत्स्य विषयमा जे.टी., जे.टी.ए., प्रवीणता, स्नातक, स्नातकोत्तर तह तथा विद्यावारिधी उतिर्ण गरी व्यावसायिक रुपमा कृषि क्षेत्रमा उद्यमशील बन्न चाहने युबाले आवेदन दिन सक्नेछन्।

(ख) प्रस्तावक ४० वर्ष ननाघेको हुनु पर्नेछ।

(ग) प्रस्तावक कुनै पनि सरकारी, गैरसरकारी तथा शैक्षिक संस्थामा पूर्णकालीन/स्थायी नोकरीमा संलग्न नभएको हुनु पर्नेछ।

(घ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने ठाउँमा कम्तीमा मोटर बाटो, विद्युत, संचार, विद्युत लगायतको सुविधा भएको हुनु पर्नेछ।

(ङ) प्रस्तावित व्यवसाय प्रदेश नं. ५ मा सञ्चालन हुनु पर्नेछ।

(च) मानव तथा वातावरणीय प्रदूषण, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा प्राकृतिक स्रोत साधन आदि विषयमा संवेदनशील हुनु पर्नेछ।

(छ) प्रस्तावकको परियोजना स्थलको जग्गा आफ्नै स्वामित्वको हुनु पर्नेछ वा कम्तिमा १० वर्षका लागि भाडामा लिएको हुनु पर्नेछ।

(ज) विगत २ आ.व. भित्र सोही प्रयोजनका लागि कुनै निकायबाट अनुदान नलिएको हुनु पर्नेछ।

(झ) कृषि तथा पशु विषय अध्ययन गरेका एक भन्दा बढी युवाहरुले मिलेर प्रस्ताव पेश गर्न सक्नेछन्।

(३) कार्यक्रम व्यवस्थापन समितिले अनुसूची-३ को आधारमा मूल्याङ्कन गरी छनौट भएको प्रस्तवहरूको सम्बन्धमा प्रस्तावकलाई जानकारी दिनु पर्नेछ।

(४) छनौट भएका प्रस्तवकसँग स्वीकृत कार्ययोजना सहित अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम कार्यालयको हुनेछ।

(५) छनौट भएका प्रस्तवकहरूले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रममा रहेका प्रस्तवकलाई सम्झौता गरी अनुदान रकम प्रवाह गर्न सकिने छ।

८. <u>कार्यक्रम सञ्चालनका विषय तथा क्षेत्रहरू:</u> व्यवहारिक अभ्यास, प्राविधिक सिकाई, उत्पादन र बजारीकरणसँग सम्बन्धित देहाय बमोजिमका विशिष्टिकृत क्षेत्रभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा उल्लेखित विषयवस्तुहरुमा विस्तृत कार्ययोजना पेश गर्नु पर्नेछ :-

(क) पुष्प तथा फलफूल नर्सरी,

(ख) मौरी पालन व्यवसाय,

(ग) व्यावसायिक फलफूल खेती,

(घ) कृषिसँग सम्बन्धित प्रयोगशाला सञ्चालन,

(ङ) व्यावसायिक तरकारी खेती,

(च) व्यावसायिक उन्नत च्याउ खेति,

(छ) व्यावसायिक पशुपालन,

(ज) व्यावसायिक पन्छी पालन,

(झ) व्यावसायिक माछापालन,

(ञ) कृषि पशुपन्छी तथा मत्स्य सम्बन्धी पर्यटन प्रवर्द्धन कार्यक्रम,

(ट) बजार विकास कार्यक्रम,

(ठ) कृषि तथा पशुसँग सम्बन्धित नवीनत सोचमा आधारित प्रस्तावहरु,

(ड) कृषि पशुपन्छी तथा मत्स्य सम्बन्धी अन्य कार्यक्रमहरु।

९. <u>अनुदानको सीमाः</u> (१) कार्यक्रम व्यवस्थापन समितिको सिफारिसको आधारमा कूल लागत रकमको बढीमा ७५ (पचहत्तर) प्रतिशतसम्म वा रु. १० (दश) लाख मध्ये जुन कम हुन आउँछ सोही बराबरको रकम अनुदान स्वरूप उपलब्ध गराईनेछ।

(२) प्रस्तावित कार्यक्रमको कूल लागत १२ (बाह्र) लाख भन्दा बढीको हुनु पर्नेछ।

(३) यस कार्यको लागि तपसिल अनुसारका कार्यक्रम/क्रियाकलापहरूमा अनुसारको अनुदान रकम उपलब्ध गराइनेछः-

| क्र.सं. | विवरण | प्रस्तावित रकम प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | उत्पादन क्रियाकलाप | अधिकतम १०% | |
| २ | पूर्वाधार विकास | न्यूनतम ३०% | |
| ३ | प्रविधि र मेसिनरी | न्यूनतम ३०% | |
| ४ | विविध (प्रशोधन तथा बजारीकरण) | अधिकतम २०% | |

१०. <u>प्रस्तावकले लगानी गर्ने रकम सम्बन्धमाः</u> प्रस्तावकले आफूले लगानी गर्न कबोल गरेको रकम लगानी गर्न सक्ने आधारहरु (जस्तै बैंक दाखिला रिपोर्ट वा अभिभावकले लगानी गरी दिने प्रतिबद्धताको कागज) पेश गर्नु पर्नेछ।

११. <u>भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः</u> (१) कार्यक्रममा सहभागी अनुदानग्राहीले काम सम्पन्न गरी भुक्तानीको लागि तपसिलका कागजातहरु संलग्न राखी कार्यालय/निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछः-

(क) सम्झौता-पत्रको प्रतिलिपि वा कार्यदेशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

मा. आरती पौडेल
मन्त्री

(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि,

(ङ) विल विजकहरुको सक्कल प्रति,

(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(छ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(ज) स्थानीय तहको सिफारिस,

(झ) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(ञ) आवश्यक निर्णयहरुको प्रतिलिपि आदि।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

१२. <u>रकम उपलब्ध गरिने आधारहरू:</u> अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुने छैन।

(च) भुक्तानी कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भए पश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

१३. <u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) स्वीकृत भएका प्रस्तावकहरुले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनु पर्नेछ।

(२) अनुदानग्राहीलाई अनुगमनकर्ताले कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भुक्तानीका लागि माग भई आएपछि नियमानुसार लाग्ने कर तथा कन्टिन्जिन्सी रकम कट्टा गरी भुक्तानी गरिनेछ। कूल लागनीको न्यूनतम २५ (पच्चीस) प्रतिशत रकम आवेदकले व्यहोर्नु पर्नेछ।



सचिव

मा. आरती पौडेल
मन्त्री

## परिच्छेद–४

### अनुगमन र समन्वय

१४. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारका सरोकारवाला कार्यालय र सम्बन्धित स्थानीय तहले तीन वर्षसम्म नियमित रुपमा अनुदान प्राप्त संस्थाको संयुक्त वा छुट्टा छुट्टै अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) अनुदानग्राहीहरुले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलव्धीहरु तोकिएको निकाय वा कार्यालयमा तीन वर्षसम्म पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

१५. <u>समन्वय:</u> कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न कार्यालयले नेपाल सरकार तथा प्रदेश सरकारका सरोकारवाला निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-५

### विविध

१६. <u>सार्वजनिक परीक्षण</u> : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१७. <u>कारवाहीको व्यवस्था:</u> कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१८. <u>बाधा अड्चन फुकाउ:</u> यो कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१९. <u>संशोधन तथा हेरफेर</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रलायको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको अनुसूचीहरुमा संशोधन तथा हेरफेर गर्न सक्नेछ

सचिव

## अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

मा. आरती पौडेल
मन्त्री

१. कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमको प्राप्त गर्नका लागि दिईने आवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुखज्यू,

.................................,

..................... ।

विषयः कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमका लागि अनुदान सहयोग सम्बन्धमा।

म/हामी......................................................... जिल्ला,..................................म.न.पा./उप–म.न.पा./न.पा./गा.पा.............वडानं अन्तर्गत............... ...स्थानमा ........................................... .......................................... कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सो कार्यका लागि अनुमानित लागत रकमको रु................................ मध्ये रु ................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु..................... अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गर्दछु/गरेका छौं।

<u>तपसिल :</u>

- प्रस्तावको नेपाली नागरिकताको छाँयाप्रति
- सम्बन्धित विषय पढेको न्यूनतम् शैक्षिक योग्यताको प्रमाण पत्रको छाँयाप्रति
- आवेदकको कृषि क्षेत्रमा कार्य गरेको (अनुभव) कागज पत्रको छाँयाप्रति
- सम्बन्धित म.न.पा./उप–म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पूर्वाधारहरू (सडक, पानी, बिजुली आदि) उपलब्धता र स्थानीय तहको प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
- सम्बन्धित कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्रबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रुपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र
- जग्गाको जग्गा धनि प्रमाणपूर्जा वा लिजमा लिएको भए १० वर्षको सम्झौता पत्र र सम्वन्धित जग्गा धनि प्रमाणपूर्जाको छाँयाप्रति
- प्रस्तावको कम्तीमा १० वर्ष सम्म व्यवसाय सञ्चालन गर्ने अनुसूची-२ बमोजिमको प्रतिवद्धता पत्र

सचिव

- आवेदक कुनै पनि सरकारी, गैरसरकारी तथा शैक्षिक क्षेत्रमा स्थायी रुपमा नोकरी नगरेको व्यहोरा खुल्ने स्वघोषण पत्र
- प्रस्तावकले व्यहोर्नु पर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैंक स्टेटमेन्ट) वा लगानीको श्रोतको आधार

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरु मूल्याङ्कनको लागि अगाडी बढाइने छैन।)*

निवेदकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

१.२ कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमकोसंक्षिप्त कार्य योजना

खण्ड- क

आयोजना प्रस्तावको ढाँचा

(क) प्रस्तावक तथा प्रस्तावित आयोजनाको विवरण

| आवेदकको विवरण | |
|---|---|
| नाम थरः | |
| स्थायी ठेगानाः | |
| सम्पर्क नम्बरः | |
| ईमेल ठेगानाः | |
| प्रस्तावित आयोजनाको नामः | |
| अध्ययन संस्थाको नाम र ठेगानाः | |
| मूल विषयः | |
| प्रस्तावित आयोजनाको कूल लागत रु. | |
| निर्देशनालायबाट माग गरिएको | |



सचिव

मा. आरती पौडेल
मन्त्री

| | |
|---|---|
| रकम रु. | |
| सम्बन्धित व्यक्तिले व्यहोर्ने रकम रु. | |

(ख) प्रस्तावित आयोजनाको विवरण

१. आयोजनाको नामः

२. आयोजनाको उद्देश्यः

क)

ख)

ग)

३. आयोजनाको सारांश (२०० शब्दमा):

४. आयोजनाको परिचय (Introduction)

५. व्यावसायिक योजना (Business plan) (प्रस्तावनाको प्राविधिक पक्ष,कच्चा पदार्थ, उत्पादन योजना, प्रशोधन योजना, बजारीकारण पक्ष व्यावस्थापकिय पक्ष, वित्तीय पक्ष (लागत लाभ अनुपात):

६. आयोजनाको कार्यान्वयन पद्दतिः

७. आयोजना सञ्चालन हुने स्थान र पूर्वाधार (सडक, बिजुली, सिँचाई, पानी आदि):

८. लाभान्वित वर्ग (Beneficiaries)

९. आयोजनाको सम्भावित जेखिम तथा न्यूनीकरणका उपायहरूः

१०. आयोजनाको मापन योग्य अपेक्षित उपलब्धि (क्षेत्र विस्तार, उत्पादन, उत्पादकत्व, आम्दानी,प्रविधि हस्तान्तरण र प्रसार (Measurable output of the project)

११. प्रस्तावित आयोजनाका गतिविधिको कार्यतालिंकाः

१२. दिगोपनाको संभावनाः

१३. आर्थिक प्रस्तावनाः

(ग) आयोजना स्थलको क्षेत्रफल र स्वामित्व

| आयोजनाको लाग रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | कृयाकलाप | लागत विवरण | | | | | |
| | | इकाई | परिणाम | दर | जम्मा | अनुदान रु. | आवेदकले व्यहोर्ने |



सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | रु. |
| क) | पूँजीगत | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ख) | चालू | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| **जम्मा रु.** | | | | | | | |

स्व-घोषणा (DECLARATION)

म यसै मार्फत प्रमाणित गर्छु कि माथि उल्लेखित विवरणहरू सही छ। मैले यस कार्यालयमार्फत कृषिविषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमका लागि अनुदान सहयोग कार्यक्रमको उद्देश्य पढेको र बुझेको छु र सबै सन्दर्भमा सोही अनुसारको कार्य गर्नेछु। म आयोजनाको वैज्ञानिक आचरणको लागि जिम्मेवारी स्वीकार गर्न सहमत छु। यदि यस प्रस्तावको लागि मलाई अनुदान दिइन्छ भने, म कार्य योजनाअनुरूप कार्यक्रम सञ्चालन गरी प्रगति प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने छु। सो कार्यक्रमका लागि चालू आर्थिक वर्ष र विगत २ आर्थिक वर्ष भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्व-घोषणा गर्दछु/गर्दछौं। उपयुक्त बमोजिमको विवरणहरू मैले जाने- बुझेसम्म सही छ। झूटो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला/बुझाउँला।

साक्षीः

दस्तखतः

नामः

पदः

निवेदकः

दस्तखतः

नामः

पदः

मा. ... पौडेल
मन्त्री

१.३ कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उधमशीलता विकास कार्यक्रमको लागि स्थानीय तहले उपलब्ध गराउने सिफारिस पत्रको ढाँचा

श्री ..............................,

...................।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति ............................... पत्रिका प्रकाशन भएको सूचना ................................... मा ......................... जिल्ला ............................................ अनुसार ........................................... (गा. पा/न.पा./उ.प.न/म.न.प) ........................................................ टोल स्थित ............................... वडा नम्बर ........ उधमी ........................................................ गर्न लागेको हुँदा उक्त स्थानमा सञ्चालन गर्नको लागि तहाँ कार्यालयमा प्रस्ताव पेश भएको कार्यक्रमको यस ............................................... (गा.पा/न.पा./उ.प.न/म.न.प) को प्राथमिकता क्षेत्रमा परेको र कार्यक्रम गर्न सिँचाई सुविधा, विद्युत तथा अन्य पूर्वाधार भएकोले सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु।

प्रमुख

.....................................

१.४ कृषि विषय अध्ययन गरेका युवाहरूलाई उधमशीलता विकास कार्यक्रमको कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्रले उपलब्ध गराउने सिफारिस पत्रको ढाँचा

श्री ......................................,

..........................।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति.......................... पत्रिकामा प्रकाशन भएको सूचना .................................. मा ........................ जिल्ला ............................... अनुसार (गा.पा/न.पा/उ.प.म.पा/म.न.पा) ............................ टोलमा स्थित .............. वडा नं. .................. का उद्यमीले कार्यक्रम ............................................ स्थानमा सञ्चालन गर्नका ............................................ लागि तँहा कार्यालयमा प्रस्ताव पेश गर्न लागेको हुँदा उक्त व्यवस्था नभएको र अन्य/कार्यक्रम प्राविधिक रुपमा उपयुक्त भएको सो कार्यक्रम सञ्चालन गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु।

प्रमुख

........................................

सचिव

...कृषि तथा सहकारी मन्त्रालय
...नेपाल

## अनुसूची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>प्रतिबद्धता-पत्रको ढाँचा</u>

..................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रमको लागि अनुदान सञ्चालन प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा ................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ...........वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि विकास कार्यालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं।

इति सम्वत् २०७..........गते .............रोज ..... शुभम् ।

नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

<u>प्रस्ताव मूल्याङ्कनका आधार</u>

| सि.नं. | मूल्याङ्कनका आधार | जम्मा अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | स्थलगत निरीक्षण एवं प्रस्तावित स्थलको उपयुक्तता | २० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| २ | प्रस्तावना बमोजिमको यथार्थता | २० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| ३ | जमिनको स्वामित्व | ५ | | |
| क | आफ्नै स्वामित्व | ५ | | |
| ख | लजिमा/भाडामा लिएको | ३ | | |
| ४ | कार्यक्रमको व्यावसायिक योजना | ४० | | |
| क | प्राविधिक रूपले उपयुक्त | १० | | |
| ख | बजारीकरणको स्पष्ट रणनीति | १० | | |
| ग | व्यवस्थापकीय पक्ष | १० | | |
| घ | वित्तिय पक्ष | १० | | |
| ५ | समावेशिकरण | ५ | | |
| ६ | दिगोपना | १० | | |
| कूल | | १०० | | |

<u>नोटः</u>

- कार्यक्रम मूल्याङ्कन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ।

सचिव

मा. आरती पौडेल
मन्त्री

## अनुसूची-४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

<u>सम्झौता-पत्रको ढाँचा</u>

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को ........................ ..................... (यस पछि पहिलो पक्ष भनिने) मार्फत सञ्चालन [illegible] ....... को... .............. कार्यक्रम, .............. ....... कृषक/फार्म/सहकारीका .............. (पद) श्री/सुश्री/श्रीमती ........................ (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति ................................ मा तपसिलका शर्तनामाहरुको अधिनमा रहि यो कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।
२. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षरुपी................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी..............) उपलब्ध गराउनेछ।
३. प्रथम पक्षले कार्य प्रगतिको आधारमा ..............प्रतिशत कार्यसम्पन्न पश्चात ...........प्रतिशत र बाँकी .............प्रतिशत रकम सम्पूर्ण कार्य सम्पन्न भई सकेपछी भुक्तानी गरिनेछ।
४. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
५. कार्यक्रम ..... बर्षसम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ। साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।
६. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई [illegible] चेक मार्फत रकम भुक्तानी दिइनेछ।
७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।
८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

सचिव

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफ्नै श्रोत बाहेक अन्य निकायबाट [illegible] सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ। [illegible]

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको [illegible] कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम संचालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति [illegible] अनुसार हुनेछ।

१३. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षरः

नामः

ठेगाना

छापः

**साक्षी**

हस्ताक्षरः

नामः

पदः

**प्रथम पक्षको तर्फबाट**

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

**साक्षी**

हस्ताक्षरः

नामः

पदः

इति सम्वत शुभम् .... गते रोज.... महिना ....... साल.......

सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
बुटवल, नेपाल

ईमेल: doad.p5@gmail.com
फोन नः ०७१-४२००४०
०७१-४२००१२
वेवसाइट: doad.p5.gov.np

पत्र संख्याः २०७६/७७
चलानी नं. ५२८

मिति: २०७६/११/१२

विषयः आवश्यक निर्देशन पाउँ ।

श्रीमान् सचिव ज्यु,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं ५, बुटवल।

उपरोक्त सम्बन्धमा यस निर्देशनालयमा मिति २०७६/११/१२ मा यस निर्देशनालय र पशुपंछी तथा मत्स्य विकास निर्देशनालयको संयुक्त बैठक बसी उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम र कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरुलाई उद्यमशिलता विकास कार्यक्रम सम्बन्धी प्राप्त भएका कार्यविधिहरु उपर छलफल गर्दा उल्लेखित केहि बुँदाहरुमा थप स्पष्टता आवश्यक भएकाले बैठकको छायाँप्रति समेत संलग्न गरी आवश्यक निर्देशनका लागि तहाँ पठाइएको व्यहोरा अनुरोध छ।

.....................
राम नारायण देवकोटा
प्रमुख

बोधार्थः
वरिष्ठ बाली संरक्षण अधिकृत, श्री कामना अधिकारी,
कृषि विकास निर्देशनालय, बुटवल।

भूमि व्यवस्था कृषि तथा स. मन्त्रालय
दर्ता
२८१६
११।१३

आज मिति २०७६।११।१२ गतेका दिन प्रदेश नं. ५ का कृषि विकास निर्देशनालयका प्रमुख श्री यामनारायण देवकोटाज्यू को अध्यक्षतामा बसेको, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय समेतको बैठकमा देहाय बमोजिमका प्रस्तावहरु उपर देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

श्री यामनारायण देवकोटा प्रमुख, कृषि वि. निर्देशनालय
श्री तुलसीराम भण्डारी नि. ,, , पशुपन्छी तथा मत्स्य वि. नि.
श्री डा. हरि बहादुर कुँवर व. प. चि. ,,
श्री भीमनाथ शर्मा व. कृ. अ. नि. कृषि वि. नि.
श्री कामना भट्टराई (अधिकारी) व. बा. सं. अ. ,,

प्रस्तावहरू :-

१. सूचना प्रकाशन सम्बन्धमा
२. कार्यविधि र कार्यक्रमको नाम फरक पर्न गएको सम्बन्धमा
③ विविध

निर्णयहरू :-

①. यस आ. व. मा कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयद्वारा संचालन गरिने प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम र पशु कृषि तथा पशु विषय अध्ययन गोष्ठी भ्रमणहरूलाई प्रभावकारी बनाउन कार्यक्रमहरुको लागि सूचना प्रकाशन गर्ने र दर्ता हुन आउने प्रस्ताव/ निवेदनहरु सम्बन्धित विषयगत निर्देशनालय र अन्तर्गतका विषयगत कार्यालयहरूमा दर्ता गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

② चालु आ. व. मा प्राप्त बजेट उ. शी. नं. ३४१२०००१२ को कृषि उत्पादन खाद्य तथा पोषण सुरक्षा कार्यक्रम अन्तर्गतको प्रतिफलमा आधारित अनुदान सहयोग (कृषि विकास कार्यक्रम) संचालन गर्ने सम्बन्धमा प्राप्त भएको कार्यविधिमा "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६" उल्लेख भएकोमा कार्यविधि तथा कार्यक्रमको नाम फरक पर्न गएको सम्बन्धमा ...

अनुरोध गरि पठाउने निर्णय गरियो ।

(३) "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०६६" को परिच्छेद २ को दफा ४(ग)२(ख) मा कार्यक्रम व्यवस्थापन समितिको उल्लेख भएको तर समितिको गठन सम्बन्धी [व्यवस्था] कार्यविधि मा उल्लेख नभएकोले आवश्यक निर्देशनको लागि भूमि व्यवस्था कृषि तथा [सहकारी] [मन्त्रालयमा] अनुरोध गरि पठाउने निर्णय गरियो ।

(४) "कृषि तथा पशु विषय अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम, २०६६" को परिच्छेद-१ को दफा २(ग) मा "कृषि विषय अध्ययन गरेका युवाहरूको" परिभाषा र परिच्छेद ३ को दफा (६) को उपदफा २(क) मा उल्लेख गरिएको प्रस्तावकको मापदण्ड बाझिन गएकोले आवश्यक निर्देशनको लागि भूमि व्यवस्था कृषि तथा मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

२/